



आकाङ्क्षा खड्का

कक्षाः ९

अर्को भोर पुस्तक समीक्षा

कथाकार केशवराज ज्ञवालीद्वारा रचिएको छोटो अवधिमै पद्यश्री साहित्य पुरस्कार २०७८ पाएको किताब हो "अर्को भोर" । कोरोनाको अवधिमा प्रकाशित भएको यो किताब निकै रोमाञ्चक र समाजमा सुनिने वास्तविक घटनाहरूलाई आधार मानेर लेखिएको काल्पनिक कथाको सङ्ग्रहालय हो । यो पुस्तकको अहिले दोस्रो संस्करण पनि प्रकाशित भइसकेको छ ।

२३३ पृष्ठको यो पुस्तकमा १४ वटा कथाहरू छन् । यी कथाहरू आफैँमा पृथक र उपन्यास बन्न सक्ने क्षमता बोकेका छन् । हरेक कथाहरूमा एउटा छुट्टै संसार छ । हरेक पाना पिच्छे त्यो नयाँ संसारबारे जान्न पाउँदा कथाकारको काल्पनिक संसारमा नै आफू डुबेको, पात्रको पीडा र सङ्घर्षलाई आफैँले जाने देखेको जस्तो अनुभव मलाई यो कथा सङ्ग्रह पढ्दा भयो । यहाँ प्रस्तुत गरिएका कथाहरू काल्पनिक कथाजस्ता नभई मानिसको जीवनमा घट्ने वास्तविक र यथार्थ जीवनजस्तै यहाँ समावेश गरिएको छ ।

'तीन बराबर पाँच' कथामा अन्धविश्वास र जातीय भेदभाव सयौँ वर्षदेखि धेरै मानिसहरूले भोग्दै आएको अभिशाप हो । विश्वलाई साझा घर मानिने अहिलेको जमानामा जात र रङ्गका आधारमा गरिने भेदभाव अझै पनि हामीमाझ छ । यस कथामा जातीय भेदभावका कारण

आफ्ना छोरी नै गुमाउने अवस्थासम्म आइपुगेको बाबुको पीडा, बाबुको पीडा देख्न नसकेर नयाँ जीवन सुरुवातको अपेक्षामा अमेरिका गएका छोरा र त्यहाँ पनि ऊ जस्तै रङ्गभेद कारण छोरा गुमाएको पीडित  मार्कोससँगको भेटघाटमा भएका कुराकानीले  ।अमेरिका जस्तो विकसित मुलुकमा पनि छालाको रङ्गको आधारमा अझै भेदभाव गरिन्छ भन्ने कुरा कथामा देखाउन खोजिएको छ ।

'रामकथा' कथामा विदेश जान लागेको म पात्र उनको बालापनको साथी सीतासँग भेट अनि वैदेशिक रोजगारको सिलसिलामा हराएका उनको श्रीमानका सम्झनाहरूका आधारमा लेखिएको कथा हो । कथाले वैदेशिक रोजगार र धैरै धनसम्पति कमाएर परिवारको इच्छा पूरा गर्ने आशमा विदेश पलायन भएका मानिसहरू हराउन थालेपछि परिवारमा पर्ने असरबारे लेखिएको छ । लाखौँको हाराहारीमा नेपालबाट मानिसहरू विदेश पलायन हुने गर्दछन् । सीता जस्तै  धैरै मान्छेहरू आफ्ना नजिकका मान्छेको पर्खाइमा बस्छन् तर  रोजगारमा ज्यान गुमाएको अथवा  हराउने गरेको जानकारी पनि आइरहन्छ । यस कथामा वैदेशिक रोजगारका नकारात्मक पक्षहरू रचनात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

'माक्स' कथामा एक भूकम्पपीडित आमा आफ्नो पतिको मृत्युसँग हराएको छोराको बोली उपचार गर्न सहर आएको परिवेश देखाइएको छ । त्यससँगै काम खोज्दै आउँदाको कठिनाइ र छोराको उपचार गर्न आफ्नो ज्यानसम्म बेच्ने तयार भएकी आमाको ममता प्रस्तुत गरिएको छ । यस कथामा कोरोनाका कारण प्रभावित भएका धैरै व्यक्तिहरूको कठिनाइ  पनि प्रस्तुत गरिएको छ । कथाले हाम्रो समाजको मानसिकता साथै "सोचे जस्तो हुन्न जीवन" भन्ने भनाइ  पुष्टि गरेको छ । कहिलेकाहीँ अवस्थाका कारण मानिस नसोचेको  बाटो पनि अपनाउन बाध्य हुन्छ भन्ने कुरा प्रस्तुत गरेको छ । यस कथामा आफ्नो सन्तानको भोको पेट पाल्न वेश्यासमेत बन्नु परेका आमाको कुरा सुन्दा मन चिसो भयो ।

'ब्लाकहोल' कथामा कहिलेकाहीँ पुराना कुराहरू बिर्सन निक्कै गारो हुन्छ । यसले आफूलाई मात्र होइन अरूलाईसमेत गाह्रो पार्छ । यसको जलन्त उदाहरण हुन स्नेहा । आफ्नो विवाहपश्चात् पनि आफ्नो पहिलो प्रेमलाई बिर्सिन नसकेको, धनसम्पत्ति, माया गर्ने श्रीमान्, सबै भएकी स्नेहालाई उसको पहिलो प्रेमीको यादले सताइरहन्छ । यसकारण अन्ततः न उनी हाँस्न पाएकी छन् न त परिवारमा राम्रोसँग घुलमिल हुन सकेकी छन् । सबै कुराहरू आफैँभित्र सीमित राखेकी स्नेहा बल्याक होल समान बन्दै छ । न त उसले बिर्सिन सकेको छ न त नयाँ सुरुवातलाई स्वीकार्न सकेको छ ।

‘उज्यालो : एउटा प्रस्थान बिन्दु’ कथामा भने गर्भवती भएपश्चात् एक छोरा र छोरी जुम्ल्याहा भएको एक आमालाई छोरो मात्र जन्माउन दिएको दबाबबारे लेखिएको छ । यस कथाले लैङ्गिक  भेदभावको पूर्ण अन्त्य नभएको मानिसको मानसिकताको चित्रण गरिएको छ । आमाको ममता न हो संसार देख्न नपाएकी  छोरीलाई  पनि अन्त्यमा उनले आफैँ पाल्ने निर्णय लिन्छन् । आफ्नै बलबुतामा छोराछोरीको पालनपोषण गर्ने आश्वासन दिन्छन् ।

‘रुख र चराहरू’ कथामा हजारौँको हाराहारीमा रुखहरू काटेर बनाइएको छ । यो सहरमा कसैलाई पनि रुखको परवाह छैन । रुख चराको र बाँदरको घर हो । गर्मीको बेला छहारी हो । प्राणीलाई बाँच्न चाहिने अक्सिजन पनि रुखले प्रदान गर्छ तर कसैलाई  यसको मतलब छैन । रुखलाई मानवीकरण गरिएको उत्कृष्ट कथा हो । आफूमा नै हुर्केर बढेका चराहरूसँगको रुखको सम्बन्ध अन्तिमसम्म पनि चराहरूको पर्खाइमा बसेको रुख आर्यघाटमा जलाउन प्रयोग हुन्छ तर त्यो रुखको कसैलाई चिन्ता छैन सबै मरेको मान्छेसँग फोटा खिच्न व्यस्त छन् । कथाकारले अहिलेको वास्तविकता भनेको रुखको सम्बन्ध प्राणीसँग भएको तर मानवलाई यसको कुनै वास्ता नभएको कुरा यहाँ प्रस्तुत गरिएको छ  ।

‘लय’ कथामा "कुशल मैले बालापनदेखि कहिले ठुली भएर के बन्छौ भन्दा स्वास्नी भनेकी छैन ।” सबैका जीवनमा आफ्ना सपनाहरू हुन्छन् । यस पुरुषप्रधान समाजमा अहिले पनि महिलाहरू पारिवारिक बन्धनमा परेपछि सबै चाहनाहरू मर्छन् भन्ने विश्वास छ तर आखिर मान्छेको मन न हो कसैले पनि  स्वास्नी  बन्छु भनेर भनेको हुँदैन । भखरै प्रेमिकासँग विछोड भएको कुशल र अप्रत्याशित रूपमा  भेटिएकी कृष्टिको जीवनमा घटेका घटनाहरू एउटै देखिएका छन् । स्वतन्त्ररुपमा बाँच्न चाहने कृष्टिका हराएका सपनाहरूको खोज र आफ्नो प्रेमिकासँग विवाहको कुरा गर्दै छुट्टिएको कुशलको कथा निकै पीडादायक रूपमा प्रस्तुत गरिएको छ । कथाकारले दुवैको जीवनलाई बाधेर निकै राम्रोसँग प्रस्तुत गरेका छन् । आजका नारीहरूले आफ्नो पहिचान बनाउनका लागि जस्तोसुकै घनिष्ट नाता पनि तोड्न पछि पर्दैनन् भन्ने मूल मर्मलाई यस कथामा प्रस्तुत गरिएको छ ।

‘एक्वारिएम’  कथामा सानै उमेरमा विवाह भएकी सुभद्रा बजैको विवाह पश्चात छोरो १० मा पढ्दै गर्दा श्रीमान्को निधन भयो । निधन पश्चात छोरा आफ्नै बलभुतामा अमेरिका गयो । केही समयपश्चात् सुभद्रा बजैलाइ आफूसँगै अमेरिका लग्यो । कालिगण्डकी र पाल्पाली दिदीको वर पर बसिरहेकी बजैलाई अमेरिका निकै नौलो लाग्यो र उनी कोठामा मात्र सीमित

भइन । अमेरिका बस्दाको एउटामात्र साथी माछा लालीको पनि देहान्तपछि उनि झन् एक्लिइन् । उनलाई आफ्नो घरको र पाल्पाली दिदीको यादले सताइरह्यो । गाउँको प्राकृतिक वातावरणमा स्वतन्त्र र स्वच्छन्द रूपमा विचरण गरेकी सुभद्रा बजैलाई अमेरिकाको जीवन एक्वारियममा रहेको माछाजस्तै भएको यथार्थलाई यस कथामा देखाइएको छ ।

'खत' कथामा आजकलको युवापुस्तामा वैदेशिक रोजगारका लागि बाहिर जानु एक परम्परा भइसकेको छ । भिसा पाउन निकै कठिन भएता पनि कति मान्छेहरू अवैध रुपमा पनि विदेशिने गरेका छन् । मावादी द्वन्द्वका बेला श्रवण पनि धेरै धन कमाउने आशामा अवैध रूपले अमेरिका छिरेको थियो अमेरिकाको एक सहरमा उसले राम्रो काम पनि पाएको थियो । काम गर्दै गर्दा उसकी आमाको मृत्यु भयो । आमाको मृत्युको बेला उनको अन्तिम इच्छा थियो छोरोले उनलाई अन्तिम दाहसंस्कार गरोस् तर त्यो पनि श्रवणले पूरा गर्न सकेन। यो घटनापश्चात उसलाई निकै असर पर्यो । आमाको मृत्युपश्चात् कपाल खौरिन पनि सकेन अन्त्यमा माथिल्लो अपार्टमेन्टका बुढा केनलाई आफ्नो कपाल खौरिन लगायो । कपाल खौरिँदा केनको कामिरहेको हातले उसको तालुमा धेरै खाल्डोहरू बनायो तर पनि आमाको ममता सम्झी ती घाउ हरू हराउन दिएन । हरेक हप्ता कपाल मात्र खौरेको होइन उसले टाउकोमा भएका घाउहरूलाई आलै बनाएर आमाको सम्झनालाई जीवन्त राख्ने काम गरेको थियो ।

'सुगन्ध' कथामा "सुन्दर फूलको एक लहर सुगन्ध जसरी उठेको थियो त्यसरी नै सकियो ।" यस
भनाइले सम्पूर्ण कथाको भावलाई प्रतिनिधित्व गरेको छ । यस कथामा दुई प्रेमी बिचको मिलन र बिछोडलाई प्रकृतिको रूप र रङसँग तुलना गरिएको छ । मिलन र खुसीको जिन्दगीपछि दुवैजना खुसी थिए तर त्यो खुसी धेरै समय रहेन ऊ आफ्नो जीवनको अन्तिम समयमा रहेछ । अन्तिम समयमा पनि आफ्नी प्रेमिकासँग थाइल्यान्डको अन्जान सहर बैङ्कक घुमेको र अन्तिम क्षण एकअर्कासँग बिताएर दुखद् अवस्थालाई सुखद् बनाउने प्रयास गरेको पललाई चित्रण गरिएको छ । कथा निकै मन छुने खालको छ । आफूलाई यति माया गर्ने व्यक्ति गुमाउँदा निक्कै नरमाइलो लाग्यो । तर वास्तविकता त हो सोचेजस्तो जीवन कहाँ हुन्छ र ? यसमा वसन्तलाई मिलन र शिशिरलाई बिछोडको पलको रूपमा चिनाइएको छ ।

माओवादी द्वन्दको समय नेपालको इतिहासमा निकै कठिन समय थियो । हजारौँको हाराहारीमा मान्छेहरूले ज्यान गुमाएका थिए । भर्खरका युवकदेखि बुढा बुढा मान्छेहरू सबै यस आन्दोलनमा सहभागी थिए । कति भने परिवार पाल्नकै लागि भए पनि यस आन्दोलनमा सहभागी हुनुपरेको थियो । मिल्खु पनि सैनिक थियो आफ्नो परिवारको भोको पेट पाल्नकै लागि भए पनि नेपाल सेनामा भर्ती हुनु परेको थियो । उसले काम गरिरहेको क्याम्पमा समयसमयमा माओवादी आक्रमणको हल्लाहरू आइरहन्थे । उसले आफ्नो घर नगएको पनि धेरै समय भइसकेको थियो । माओवादीहरूबाट चेकजाँचमा नपरुन् भनेर उसले खानेपानीका इन्जिनियरसँग मद्दत मागेको थियो । वर्तमानमा त्यही इन्जिनियर ऊ बस्ने घरका मालिक थिए । द्वन्दका बेला मिल्खुले इन्जिनियरसँग मद्दत मागेको थियो । त्यस बेला इन्जिनियरले भने आफ्नो साथीलाई मर्ने अवस्थामा पनि मद्दत नगरेको आक्रोशले मद्दत गरेनन् । इन्जिनियरले पछि भने मद्दत नगरेका कारण मिल्खुले खुट्टा गुमाएको कुरा सुने । यसले उनलाई निकै असर पर्यो । उनी मिल्खु आफ्नो घरमा बस्न आएपश्चात पनि राम्रोसँग कुरा गर्दा ? उनलाई अझै पनि पछुतो भएको थियो । एकदिन इन्जिनियर छतमा बस्दै गर्दा उनको मिल्खुसँग भेट हुन्छ । उनको कारणले खुट्टा नगुमेको पनि प्रस्ट गर्छन । यो कथाले माओवादी द्वन्दको अवस्थालाई प्रष्टसँग देखाएको छ । घर फर्किन नपाएका सेना, गल्ती नगरेका निर्दोषहरूको मृत्युवरण गर्नुपरे पनि देशमा खासै परिवर्तन नभएको सार 'मिल्खु' कथामा प्रस्तुत गरिएको छ ।

विवाह भनेको के हो ? नबुझ्ने उमेरमा नै विवाह गरिने परम्परा बाल बिबाहको यस कथामा आलोचना गरिएको छ । सानै उमेरमा विवाह गरिदिने परम्पराले पीडित हुन् लौरी बजै । पितृसतात्मक समाजमा छोरी जन्माएको त्यसमाथि अर्को जन्म दिन नसक्ने काकबन्ध्याको योग भएका कारण हेलित माहिली लौरी बजैको कथा हो 'काकबन्ध्या' । यस कथामा एक कथाकारले ढुङ्गामाथि बसेर सुनेको भुतको आवाजद्वारा लेखिएको कथा हो । वास्तवमा भन्नुपर्दा यो कथा भावनाहरूको मिश्रण थियो । बिचरी लौरी बजेको कथा निकै नरमाइलो थियो तर कथाकारले बिच बिचमा दिएका केही व्यङ्ग्य र आफ्ना कुराहरू कथाका बिचमा राख्दा निकै हास्यास्पद भएको थियो । यस कथामा वर्तमान र भूत दुवैलाई जोडिएर बाल विवाहको पीडाहरूलाई अत्यन्तै राम्रोसँग प्रस्तुत गरिएको छ ।

'परस्युइट अफ ह्यापिनेस' कथामा विदेशमा आफ्ना बच्चा नेपाल छोडी श्रम गरिरहेका व्यक्तिहरूको पीडालाई प्रस्तुत गरिएको छ । एक नव विवाहित जोडी आफ्नो बच्चासँगै अमेरिका आएका थिए तर अमेरिकामा महँगी थाम्न नसकेर आफ्नो नाबालक सन्तानलाई

नेपाल छोड्नुपरेको बाध्यतालाई यहाँ प्रस्तुत गरिएको छ । यस कथामा अमेरिकाको तेस्रो प्रधानमन्त्रीको पनि आलोचना पनि गरिएको छ । यो कथाले अमेरिकाजस्तो विकसित मुलुकमा भविष्य खोज्दै गरेका व्यक्तिहरूको पीडालाई व्यक्त गरेको छ भने बेरोजगारी विश्वव्यापी समस्या हो भन्ने कुरा पनि प्रस्तुत गरेको छ ।

नयाँ ठाउँ जानु र नयाँ काम गर्नुअघि उपयुक्त जानकारीहरू प्राप्त गर्नु जरुरी छ । झन् कुनै नयाँ देश जानुअघि त आवश्यक भाषिक ज्ञान प्राप्त गर्नु असाध्यै जरुरी हुन्छ । यदि आवश्यक जानकारी प्राप्त नगरेमा गलत काममा संलग्न हुनुदेखि ठगी मुद्धामा समेत पर्न सक्छौँ । भाषा जान्नु त झन् निकै नै जरुरी छ । जागिर गुमाउनु कुराकानीमा अड्चनहरू जस्ता धेरै कुराहरू भाषा नजानेका कारण आउन सक्छन् । कथामा अन्जान भूमिमा भाषा राम्ररी नबुझ्दा निकै कठिनाइहरू भोग्नुपर्छ । आफ्नो काममा सिपालु भए पानी भाषा नजानेको र भाषाको कारणले नै समस्यामा परेको अवस्था कथामा सिर्जना भएको छ । यतिमात्र होइन जगतले अवैध रूपमा भाषा नसिकी ,बिना भिसा र पासपोर्ट अरू देश जाने मान्छेहरूको पनि प्रतिनिधित्व गरेको छन् । कथाले एउटा गलत सञ्चारको नतिजा पनि देखएको छ । परिवारबाट टाढा विदेश गएपश्चात एक्लो महसुस हुने मान्छेहरू आफ्नो नजिक बनाउन खाजे पनि धोका दिन वा फसाउन पनि उनीहरू पछि पर्दैनन् । यसका माध्यमबाट कथाकारले सबैलाई सचेत हुन आग्रह गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा अर्को भोर कथा सङ्ग्रहका सबै कथाहरू पठनयोग्य र उत्कृष्ट छन् । कथाकारले वैदेशिक रोजगारीमा गएका मान्छेको मर्म, भित्री मनका कुराहरू निकै मर्मस्पर्शी रूपमा प्रस्तुत गरेका छन् । सबै कथाहरू एक अर्कामा भिन्न छन् । सबै कथाको उद्देश्य भनेको पाठकलाई नयाँ सन्देश दिनु नै हो । सबै कथाहरू उत्कृष्ट भए तापनि अन्तिम कथा बेजुबानले अहिलेको अवस्थामा मेल खान नसकेको जस्तो लाग्यो । अहिलेको समयमा प्रविधि मान्छेको जीवनको एक पाटो भइसकेको छ । हो, अझै पनि मान्छेहरूलाई विभिन्न देशहरूमा जाँदा त्यहाँको भाषा सिक्न गाऱ्हो हुन्छ तर अहिले भने गुगल ट्रान्स्लेटजस्ता प्रविधिले धेरै भाषा अनुवाद गर्न सहज बनाएको छ । झन् कथामा जगतसँग मोबाइल ल्यापटपको सुविधा थियो । यदि चाहिएमा भाषा सिक्न शुल्क तिरेर वा नतिरेर अनलाइनबाट पनि सिक्न सकिन्छ ।

जगतलाई त झन् मेहेनती व्यक्तिको रूपमा प्रस्तुत गरिएको छ । उनीसँग निकै उपायहरू पनि थिए । यदि यसको प्रयोग गरेको भए उनी समस्यामा पर्ने थिएनन् । उक्त घटनाक्रम

अहिलेको अवस्थासँग मेल खाएजस्तो लाग्यो । बाह्रौं कथा काकाबन्ध्यामा कथाकारले लौरी बजै सँगै लेखकको विचार र आफू लेखक भएकाले पाठकलाई मनन गराउन खोजेको कुरा चाहिँ निकै रमाइलो लाग्यो । बजैको त्यो रुन मन लाग्ने जीवनकथामा कथाकारले पुरुष प्रधान नेपाली समाजमा नारीले भोग्नुपरेको पीडा र दर्दलाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

कथाहरू पढ्दै जाँदा लेखक कुनै पनि कथामा सबैजना खुसी हुने अन्त्यलाई प्रस्तुत गरेका छैनन् । बरू सबैमा एक दुखद् अन्त्य वा केही गुमाउनुपरेको कुरा प्रस्तुत गरेका छन् यो कुरा मलाई निकै नै मनपर्यो । कथाहरू नेपालदेखि अमेरिकासम्म रहेका नेपालीहरूका जीवनकथामा आधारित छन् । कठिनाइहरू को सामना गर्दा जहिले पनि त्यस मानिसले खुसीले भरिपूर्ण अन्त्य कहाँ पाउछ र ? कहिले यसले झन् समस्याहरू पनि बोकेर आउँछ । कहिले नयाँ सुरुवात लिएर आउँछ किनभने सधैँ परिश्रमको फल पाइन्छ र मिठो हुन्छ भन्ने छैन । लोक कथाहरूजस्तै खुसीले भरिपूर्ण अन्त्य वास्तवमा आउँदैन । यो जीवनमा अघि बढिरहनु पर्छ लडिरहनु पर्छ । यो कुरा लेखकले समावेश गरेकोमा राम्रो लाग्यो । कथाहरू पनि सबै रमाइला छन् । ती कथाले दिन खोजेको सन्देश निकै राम्रो लाग्यो । त्यसकारण अरू पाठकहरू माझ म यो कथा सङ्ग्रह पढ्न सिफारिस गर्छु । वैदेशिक रोजगारबारे धेरै लेखे तापनि यसले अरू पनि समाजका समस्याहरूबारे चर्चा गरिएको छ । यस सङ्ग्रहमा सङ्गृहित कथाहरू पाठकको मन जित्न सफल छन् । यो कथा सङ्ग्रह पढ्दा समय बितेको पत्तो नै पाइँदैन । प्रस्तुत कथा सङ्ग्रह निकै रमाइलो छ । सन्देशमूलक छ । यसले नेपाली समाजमा मात्र होइन सुखी भविष्यको सपना बोकेर अमेरिका जाने नेपालीको वास्तविकतालाई उजागर गरेको छ । तसर्थ सम्पूर्ण पाठकहरूलाई म केशवराज ज्ञवालीद्वारा रचित ‘अर्को भोर’ कथासङ्ग्रह पढ्न सिफारिस गर्छु।